# पूर्वाधार विकासका नीति तथा कार्यक्रमहरूः-

"कृषि र पूर्वाधार ,सम्बृद्धिको आधार "

१. चुनौतिहरू :-

- सार्वजनिक निर्माणको समयवद्ध र गुणस्तरीयता कायम गर्न ।
- व्यवस्थित र सुरक्षित तथा सुन्दर बस्तीयुक्त गाउँ निर्माण गर्न ।
- विकास परियोजनाहरूमा जनताको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न ।

२. बजेटका उदेश्यहरू :-

- विकासका पूर्वाधारहरू विस्तार र पहुँच वस्ती स्तर सम्म पुऱ्याउने ।
- समृद्ध समुन्नत र हरियाली गाउँपालिकाको रूपमा विकास गर्ने ।

३. प्रमुख नीतिहरू :-

- गाउँपालिकाको अल्पकालीन ,मध्यकालीन र दीर्घकालीन विकास लक्ष्यहरू सहितको वृहत गुरूयोजना निर्माण गरिने छ ।
- भू-उपयोग योजना र यातायात गुरू योजना तर्जुमा गरी कार्यान्वियनमा ल्याईने छ ।
- पूर्वाधार तर्फा वडा र गाउँपालिका स्तरमा गौरवका आयोजनाको रूपामा कम्तमि १/१ वटा योजना संचालनमा ल्याईने छ ।
- ल्याण्डफील साईट निर्माण र वस पार्क व्यवस्थापन सम्वन्धमा विस्तृत अध्ययन गरी फोहोर मैला व्यवस्थापन तथा यातायात व्यवस्थापन कार्यालय सुचारू गरिने छ ।
- कोईलाबास भन्सार संचालन तथा व्यवस्थापनका लागि आवस्यक भौतिक पूर्वाधार सडक आदीको शीघ्र निर्माणका लागि स्थानीय स्तरबाट सहयोगी भूमिका निर्वाह गर्दै नेपाल सरकारमा पहल गरी व्यापरिक हव का रूपमा विकास गरिने छ ।
- सिचाईको पहुचँ अभिवृद्धि गर्दै कृषिमा आधारित स्थानीय अर्थतन्त्र सवलकिरण गर्ने नीति अवलम्वन गरिने छ ।

# सामाजिक विकासका नीति तथा कार्यक्रमहरूः

खानेपानी तथा सरसफाई तर्फ :

- सबैमा स्वच्छ खानेपानीको पहुँचका लागि पूर्ण सरसफाईको अभियान सहित खानेपानी र सरसफाई लाइ बढावा दिईने छ ।
- सार्वजानिक शौचालय ,पर्यटकिय स्थल, पिकनिक पार्कहरू,धार्मिक क्षेत्रहरूको पूर्ण सरसफाई युक्त क्षेत्रको रूपमा विस्तार गरिने छ ।
- घरेलु फोहोर व्यवस्थापनको लागि जनचेतनामूलक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वियनमा ल्याईने छ ।

शिक्षा तर्फ :

- ❖ गुणस्तरीय शिक्षाको लागि सघन अनुगमन र प्राचार्यहरू संग कार्य सम्पादन करार गर्ने नीति अवलम्वन गरिने छ ।
- ❖ सामुदायिक संस्थागत विद्यालयमा स्वास्थ प्रतिस्पर्धा लाई विद्यालय भर्ना गर्न र ड्रप आउट लाई घटाउन विपन्न वर्गका बालवालिका लाई प्रोत्साहन गरिने छ ।
- ❖ उच्चा शिक्षा को पहुचलाई सहज वनाउन संचालित क्याम्पसहरूको उन्नयन को व्यवस्था मिलाईने छ ।
- ❖ विद्यालय शिक्षा मा विज्ञान ,व्यावसायिक शिक्षा र प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय लाई प्रोत्साहन स्वरूप अनुदान को व्यवस्था गरिने छ ।

स्वास्थ्य तर्फ :

- ➢ स्वास्थ्य सम्बन्धि मौलिक हकका कार्यान्वियनको लागि स्वास्थ्य संस्थाहरूमा सवलीकरण,क्षमता अभिवृद्धि,स्तरोन्नती गदै गढवा स्वास्थ्य चौकी लाई अस्पताल बनाउने नीति लिईने छ ।
- ➢ स्वास्थ्य विमा कार्यक्रम को लागि सचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- ➢ स्वास्थ्य तथा जनसंख्या मंत्रालय को समन्वयमा प्रत्येक वडामा स्वास्थ्य केन्द्र स्थापनाको नीति अवलम्वन गरिने छ ।
- ➢ महिला स्वास्थ्य स्वयंसेवीका हरू लाई थप जिम्मेवार र उत्तरदायी ,प्रोत्साहन का नीति लिइने छ ।
- ➢ कोइलाबास, चिमचिमे र खवरी सम्म एम्बुलेन्स सेवा संचालन को लागि आवश्यक पहल गरिने छ ।
- ➢ आयुर्वेद तथा प्राकृतिक चिकित्सा पद्धती,जविन पद्धतीको रूपमा अगाल्दै योग शिक्षालाई विस्तार गरिने छ ।

यूवा तथा खेलकुद

- गढवा क्षेत्र लाई पहिचान दिन सक्ने व्यवस्थित र अधुनिक खेलकुद मैदान को व्यवस्था गरिने छ ।
- गढवा गाउँपालिका गोल्ड कप खुल्ला प्रतियोगिता प्रेत्यक साल संचालन हुने गरी यर्स आ.व बाट संचालन गरिने छ ।
- रोजगारी श्रृजनाका लागि यूवा उद्योगी तथा व्यवसायीहरू लाई प्रोत्साहित गरिने छ ।

<u>महिला तथा सामाजिक समावेशीकरण :</u>

- एकल महिला वेरोजगार महिला ,अति विपन्न पिछडिएका महिलाहरूको लैगिंक हिंसा बाट पिडित महिला लाई रोजगार मूलक तालिम को व्यवस्था गरिने छ ।
- सबै प्रकारका घरेलु हिंसा बाट महिलाहरू लाई न्याय दिलाईने छ ।
- आदीवासी जनजाती,अल्प संख्यक, मधेशी तथा पिछडा वर्ग आदी का लागि पर्वद्धन कार्यक्रम मार्फत प्रोत्साहित गरिने छ ।

<u>अर्थ तथा राजश्व</u>

- यस गाउँपालिका को समृद्धि विकास र अति आवस्यक सेवा प्रवाहका लागि श्रोत जुटाउन आधारभूत कर का दर हरूलाई न्यून तथा मध्यम गर्दै दायरा फराकिलो गरी श्रोतको उच्चतम संकलन र परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।
- परिवर्तित स्थानीय तहको संरचना प्राप्त अधिकार लाई कार्यान्वियन गर्ने कर दाता शिक्षा अभियान संचालनमा ल्याई उत्कृष्ट कर दाताहरू लाई सम्मानको नीति अवलम्वन गरिने छ ।
- एकिकृत सम्पत्ति कर कार्यान्विय गर्न स्वयं कर घोषणा प्रणाली लाई अवलम्वन गरिने छ ।
- आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको निजी क्षेत्र लाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी (P.P.P) को अवधारण लार्य कार्यानवियन मा ल्याईने छ ।

<u>निर्णय नं. १</u>

१. स्वास्थ्य ,शिक्षा ,महिला विकास ,आर्युवेद स्वास्थ्य र गा.पा. मा वडा बाट पेश भएका योजना र कार्यक्रम स्वीकृतका लागि गा.पा मा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.</u>

२. उल्लेखित क्षेत्रमा अपुग हुन जानेका वजेट तथा अन्य थप क्रियाकलाप व्यवस्थाका लागि सम्बन्धित विषयगत निकाय र गा.पा मा आवश्यक पहल गर्न सिफारिस गर्ने निर्णय गरियो ।

बातावरण तथा बिपद् ब्यवस्थापन सम्बन्धि निम्न निती र कार्यक्रमहरू स्विकृतीको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१.जिबिकोपार्जनको लागि बनको अवधारणा लाई सार्थक तुल्याउन यस क्षेत्रमा रहेका सामुदायिक,साझेदारी,धार्मिक तथा कबुलियती बनको बैज्ञानिक ब्यवस्थापनमा जोड दिईने छ।

२.गा.पा.क्षेत्रमा खुला क्षेत्र र पार्क बिकास लाई प्राथमिक्ता दिई यसै बर्ष कम्तिमा २ वटा पार्कको निर्माण गरिने छ ।

३.सार्बजनिक जग्गाहरूको सँरक्षरणको लागि तत्काल वडाध्यक्षको संयोजकत्वमा सार्बजनिक जग्गा संरक्षण समिति गठन गरी त्यहाँ रहेका सार्बजनिक जग्गा ,ताल ,तलैया,गौचरण आदीको संरक्षण गरिने छ ।

४.हरियाली पार्क र सौन्दर्य प्रवर्द्धनका कार्यक्रमहरू लाई बढावा दिदै शून्य फोहोरको अवधारणा लाई अवलम्बन गरिने छ ।

**निर्णय नं.**

बातावरण तथा बिपद् ब्यवस्थाप अन्तरगत गाउँपालिका स्तरीय निम्न योजना तथा कार्यक्रमहरूको लागि निम्नानुसार बेजट बिनियोजन गर्न गा.पा. लाई सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | योजना तथा कार्यक्रमहरू | रकम | कैफियत |
|---|---|---|---|
| १. | हरियाली सौन्दर्य पोखरी निर्माण | रू.१०,०००००।- | |
| २. | विपद व्यवस्थापन कोष | रू.२५,०००००।- | |
| ३. | मर्मत संभार कोष | रू. २५,०००००।- | |
| ४. | गा.पा स्तरीय महिला आयआर्जन मूलक उद्योग स्थापना | रू.५०,०००००।- | |
| ५. | सार्वजनिक जग्गा संरक्षण कार्यक्रम | रू.५०,०००००- | |
| जम्मा | | | |

**निर्णय नं.**

यस गा.प क्षेत्रमा अत्याधिक आगलागि हुने भएकोले सो न्यूनिकरण गर्नको लागि गा.पा ले दातृ पक्षबाट वा आफै खरिद गरी बारूण यन्त्र व्यवस्थापन गर्नको लागि गा.पा लाई अनरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

सक्सेसन टयांक लगायतका सरसफाई यन्त्रको यथोचित प्रवन्ध गर्नका लागि गा.पा लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

विपद भित्र पहिरो र बाढीजन्य क्षति बाट तत्काल राहत दिन र सडक यातायात सूचारू गर्न १ थान Back ko loader खरिद तथा व्यवस्थापन गर्न गा.पा लाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.**

विपद व्यवस्थापनको लागि गा.पा स्तरीय कार्यदल र वडा स्तरीय स्थानीय विपद व्यवस्थापन समिति गठन गर्न गा.पा लाई अनुरोध गर्ने निर्णय गरियो ।

## आर्थिक विकासका नीति तथा कार्यक्रमहरू:

कृषि तथा पशुपालनः

- स्थानीय भू -उपयोग योजनाले पहिचान गरेको कृषि उत्पादन क्षेत्रमा विशेष कार्यक्रम संचालन गरि निर्वाहमुखि कृषि प्रणाली लाई विस्थापित गर्दै व्यवसायिक कृषि प्रणालि का माध्यम बाट कृषक लाई प्रोत्साहन गरिने छ ।
- यस गा.पा. लाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउदै दुग्धजन्य उद्योग स्थापना, संचालन र व्यवस्थापनका माध्यम बाट स्थानीय रोजगारी श्रृजना र निर्यात वृद्धि नीतिको अवलम्वन गरिने छ ।
- शीत भण्डार को व्यवस्थापन गर्दै कृषि उपजको सुरक्षा उच्च मूल्य प्राप्ती को नीति अवलम्वन गरिने छ ।
- कृषि योग्य जमिन को अव्यवस्थित तथा गैर कानूनी खण्डीकरण लाई वन्देज गरिने छ ।
- कृषि योग्य जमीन लाई बाँझो राख्न नपाईने व्यवस्था गरिने छ ।
- कृषि तथा पशु विमा लाई प्रोत्साहिन गरिने छ ।
- कृषि मा सहकारिता लाई प्रोत्साहित गरिने छ ।
- अर्गानिक खेती लाई प्रोत्साहन गर्दै लगिने छ ।

## थप भएका कर नीतिहरू :-